☎०७८-५२०१६९

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

## नवलपरासी(ब.सु.पश्चिम)

**व्यवसायीक तथा सिपमूलक तालिम प्राप्त गर्न इच्छुक व्यक्तिहरुले आवेदन पेश गर्ने सम्वन्धी सूचना।**

**दोस्रो पटक प्रकाशित मिति २०८२/०६/२२**

यस कार्यालयले चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने तपसिल बमोजिमका व्यवसायिक तथा सिपमूलक तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल: nawalparasi.csio@gmail.com मार्फत तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं | तालिमको विवरण | तालिम अवधि |
|---|---|---|
| १. | The marble fitter ३९० घण्टे सिप परिक्षण समेत | ३९० घण्टा |
| २. | Travel agent तालिम ३९० घण्टे सिप परिक्षण समेत | ३९० घण्टा |
| ३. | Mobile Phone Repairing Training ३९० घण्टे सिप परिक्षण समेत | ३९० घण्टा |
| ४. | जुनियर गारमेन्ट तालिम | पाठ्यक्रम/पाठ्ययोजना अनुसार |
| ५. | व्यूटिपार्लर तालिम ४५ दिने | ४५ दिन |

नोटः

- निवेदक १८ वर्ष पूरा भएको, लुम्बिनी प्रदेश भित्र स्थायी बसोवास भएको हुनुपर्नेछ।(नवलपरासी (ब.सु.प.) जिल्लाका स्थायी वासिन्दालाई प्राथमिकता दिइनेछ।)
- माथि उल्लेखित प्रत्येक तालिम कार्यक्रमका लागि कम्तिमा २० जना व्यक्तिहरुको आवेदन पेश नभएमा उक्त तालिम सञ्चालन गरिने छैन।
- The mobile fitter ३९० घण्टे, Travel agent तालिम ३९० घण्टे, Mobile Phone Repairing Training ३९० घण्टे तालिमको हकमा तालिम पश्चयात सिप परिक्षणमा समेत अनिवार्य सहभागी हुनुपर्नेछ ।
- प्रारम्भिक तालिमको हकमा यस भन्दा अगाडी सोही प्रकृतिको तालिम नलिएको स्वःघोषणा पेश गर्नुपर्नेछ ।
- प्रशिक्षार्थीको योग्यता, छनौट, आचारसंहिता तथा तालिम सम्वन्धी अन्य कार्यविधि "लुम्विनी प्रदेश सरकारको व्यवसायिक तथा सिपमूलक तालिम सञ्चालन कार्यविधि", २०८२ बमोजिम हुनेछ ।
- तालिम आवेदन फारम कार्यालयबाट वा कार्यालयको वेवसाईटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।
- तालिम सञ्चालन हुने मिति, समय र स्थान पछि तय गरिनेछ ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प) को ०७८-५२०१६९ वा उद्यम विकास सहजकर्ता (मनोज कुमार चौधरी) को मो.नं. ९८४७०७९९८४ मा सम्पर्क गर्न सकिन्छ ।)

२०८२/०६/२२

मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)



CamScanner

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प)

## प्रशिक्षक सूचिकृत हुने सम्वन्धी सूचना ।

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०६/२२

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलका सीपमूलक तालिम सञ्चालन गर्नु पर्ने भएकोले व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधी, २०८२ को दफा ९ (२) वमोजिम बमोजिमको योग्यता पुगेका प्रशिक्षक र सहायक प्रशिक्षकले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम | सि.नं. | सीपमूलक तथा व्यावसायिक तालिम |
|---|---|---|---|
| १. | Tile Marble Fitter (३९० घण्टे सीप परिक्षण समेत) | ५. | केराको थामबाट रेसा निकाली स्यानिटरी प्याड बनाउने तालिम |
| २. | Mobile Phone Repairing Training (३९० घण्टे सीप परिक्षण समेत) | ६. | अनाथ/अपाङ्ग बालबालिकाका लागि झोला बनाउने तालिम र प्रविधिमा सहयोग |
| ३. | Travel Agent (३९० घण्टे सीप परिक्षण समेत) | ७. | जुनियर गारमेन्ट तालिम |
| ४. | पटेर/थाकलबाट गुन्द्रि,ढकिया लगायत हस्तकलाका सामाग्री उत्पादन तालिम | ८. | ब्यूटिपार्लर तालिम ४५ दिने |

प्रशिक्षक तथा सहायक प्रशिक्षकको लागि शैक्षिक योग्यता, तालिम वा अनुभवः

१. मुख्य प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयवाट सम्वन्धित विषयमा स्नातक तह उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्वन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तिमा ३ वर्षको कार्य अनुभव भएको वा सम्वन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको ।

२. सहायक प्रशिक्षकः मान्यता प्राप्त शिक्षण संस्था/विश्वविद्यालयवाट सम्वन्धित विषयमा प्रमाणपत्र तह/ डिप्लोमा तह उत्तीर्ण गरी शिक्षण प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी वा सीप तह-१ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको ।

पुनश्चः

- परम्परागत तथा रैथाने प्रकृतिका सीपमूलक तालिम संञ्चालनका लागि प्रथम पटक सूचना प्रकाशन वमोजिम उल्लेखित योग्यता पुगेका प्रशिक्षक/ सहायक प्रशिक्षक सूचिकृत हुन नआएको हकमा सम्भव भए सम्म सोही प्रकृतिको कम्तिमा ३ वटा तालिममा प्रशिक्षकको रुपमा काम गरेको प्रशिक्षकलाई मुख्य प्रशिक्षकको रुपमा र २ वटा तालिममा सहायक प्रशिक्षकको रुपमा काम गरेको लाई सहायक प्रशिक्षकको रुपमा छनौट गर्न सकिनेछ ।
- माथी उल्लेखित तालिमको लागि प्रशिक्षक सूचिकृत हुन नआएमा समेत कार्यालयले अन्य व्यवस्था मार्फत प्रशिक्षक छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- रोष्टरमा समावेश भएका प्रशिक्षक/सहायक प्रशिक्षकलाई कार्यालयले कार्यक्रम कार्यान्यन गर्दा आवश्यकता अनुसार सहभागी गराउन सकिनेछ ।

संलग्न गर्नुपर्ने कागजातः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
३. तालिम वा अनुभव प्रमाणपत्रको प्रतिलिपी ।

२०८२/०६/२२
(कार्यालय प्रमुख)
मोहन पाण्डे
कार्यालय प्रमुख
(वरिष्ठ उद्योग अधिकृत)

थप जानकारी लागि
यस कार्यालयको टेलिफोन नं. ०७८-५२०१६९ र मनोज कुमार चौधरी (उ.वि.स.) ९८४७०७९९८४